कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी , उदयपुर
कोशी प्रदेश, नेपाल

# आन्तरिक आय सम्बन्धि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

**प्रकाशित मिति २०८०/०९/०५**

यस कटारी नगरपालिका वडा नं. ०२ अन्तर्गत तावा , ककरु र कमला नदीको संगम स्थलमा परम्परादेखि लाग्दै आएको त्रिवेणी (मैनी) मेला मिति २०८० माघ १ गते देखि १५ गतेसम्म व्यवस्थापन गर्नुपर्ने भएकोले सो मेला व्यवस्थापन गर्न ईच्छुक फर्म , संस्था वा कम्पनीहरुबाट तपसिलमा लेखिएको र्शहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्ने गरी स्थानीय सरकार संचालन ऐन २०७४ र सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ ।

| राजश्व आय ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम कबोल अंक ( कर बाहेक) | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|
| **०६-२०८०/०८१** | **त्रिवेणी मेला व्यवस्थापन** | **८,००,०००।-** | **१०००।-** |

**ठेक्का शर्तहरु :-**

१. ठेक्काको दरभाउपत्र फारम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिन सम्म कार्यालय समय भित्र **रु. १०००।-** ( एक हजार) रकम ( पछि फिर्ता नहुने गरी) बुझाएको नगदी रसिदका साथ व्यवसाय दर्ता, स्थायी लेखा नम्बर र आ.व. २०७९/२०८० सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रतिलिपीहरु राखी ईच्छुक फर्म, कम्पनी वा निजको आधिकारीक प्रतिनिधिले कार्यालय समयभित्र कटारी नगरपालिकाको राजश्व शाखावाट फारम खरिद गर्न सक्नेछ ।

२. शिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र खरिद गरी १६ औं दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ र दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । तर प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । शिलबन्दी दरभाउपत्र खरिद गर्ने , दर्ता गर्ने तथा खोल्ने मितिमा विदा परेमा सो कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. कानुनले निषेध गरेका खेल तामास बाहेक अन्य खेल तमासाहरुको हकमा नगरपालिकासँग समन्वय र सहकार्य गरी दररेट कायम गरी मात्र संचालन गर्न पाउने छ ।

४. दरभाउपत्रदाताले दरभाउपत्र पेश गर्दा कबोल अंक २.५ प्रतिशतका दरले हुने धरौटी रकम नगद वा यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक कटारी शाखामा रहेको धरौटी खाता नं २०५०१००३०३०००००२ मा जम्मा गरी सो को सक्कल भौचर वा मान्यता प्राप्त क वर्गको बैंकले जारी गरेको सो रकम बराबरको जमानत शिलबन्दी दरभाउ पत्र साथ राखी यस कार्यालयमा बुझाउनु पर्नेछ ।

५. मेलामा राखिने व्यवसायीक प्रयोजनका लागि राखिएको पसल र टहरको दररेट दरभाउपत्र खरिद गर्ने समयमा उपलब्ध गराईने छ । कृषिजन्य वस्तु उत्पादनको प्रदर्शनी स्थलको स्टलको शुल्क लिन पाईने छैन ।

६. शिलबन्दी दरभाउ पत्र स्वीकृत भएको फर्मले स्वीकृत ठेक्का सम्झौता हुनु अगावै आफुले कबोल गरेको अंक बराबरको नगदै रकम वा न.पा.को राजश्व खाता नं. २०५०१००३०१०१०००२ मा जम्मा गरेको सक्कल भौचर न.पा.मा बुझाउनु पर्नेछ । कबोल अंकमा कुनै पनि किसिमको छुट मिनाहा दिईने छैन ।

७. त्रिवेणी मेलामा सम्बन्धित निकायबाट लिनुपर्ने संचालन अनुमती , आवश्यक सुरक्षाको व्यवस्थापन तथा बजार व्यवस्थापन लगायत सम्पूर्ण कार्यहरु ठेकेदार स्वयम्ले गर्नुपर्नेछ । न.पा.ले सहजीकरण गर्नेछ ।

८. कवोल अंकको नियम अनुसार लाग्ने कर ठेकेदार स्वयम्ले बुझाई सोको प्रमाणीत जानकारी न.पा.लाई दिनुपर्नेछ ।

९. कानूनले निषेध गरिएका खेल तमासा लगायतका कार्य गर्न पाईने छैन । कुनैपनि अश्लिल र जोखिमपूर्ण कृयाकलाप पुर्ण रुपमा निधेष गरिनेछ ।

१०.. अत्यावश्यक संरचना शौचालय, प्रहरी विट , न.पा. सेल व्यवस्थापन,अस्थायी टहरा ठेकेदारले गर्नुपर्नेछ ।

११. ठेक्का सम्बन्धी कर उठाईने र सो को दररेट तथा ठेक्का सम्बन्धि विस्तृत जानकारी कार्यालयबाट प्राप्त गर्न सकिनेछ  र अन्य कुराहरु प्रचलित ऐन,नियम तथा शिलबन्दी दरभाउपत्र कागजातमा उल्लेख भए अनुसार हुनेछन् ।

**प्रमुख प्रशासकीय अधिकृत**